# तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

०७१-५६०५९९


प.सं. ०७५।०७६

च.नं

## विभिन्न आय ठेक्काको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६।०३।०८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ बमोजिम यस नगरपालिका अन्तर्गत देहायका शीर्षकमा ठेक्का वन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहने गरी ईच्छुक व्यक्ति वा फर्मबाट गोप्य सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**ठेक्का सम्बन्धी शर्तहरु**

१ सिलबन्दि दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट रु.१०००। (फिर्ता नहुनेगरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालय दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.०७४।०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।

२ न्युनतम अंक देहाय बमोजिम हुनेछ । उक्त अंकमा मु.अ.कर समावेस गरिएको छैन ।

३ कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

४ सिलबन्दि दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% ले हुने रकम र गैह्र नेपाली नागरिक भए १०% ले हुने रकम यस कार्यालयको एन.आई.सि एसिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेण्टि संलग्न गर्नुपर्नेछ ।

५ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० वजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । सोही दिनको २.०० वजे यसै कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोहि समयमा खोल्न वाधा पर्ने छैन ।

६ दरभाउ पत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ ।

७ कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

८ ठेक्का अवधि ०१।०७६।०७७ देखी १४।०७६।०७७ सम्मको ठेक्काको अवधि एक वर्ष (०७६।०७७) का लागि र १५।०७६।०७७ दुई वर्ष (०७६।०७७ र ०७७।०७८) को लागि हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यलयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको वुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१० ठेक्का सम्बन्धि अन्य शर्तहरु दरभाउपत्रसाथ उपलब्ध गराईनेछ । अन्य जानकारीको लागि कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

११ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ ।

तपसिल

| ठेक्का नं. | शिर्षक | | न्यूनतम अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| आय-१।०७६।०७७ | तिलोत्तमा- १ स्थित ड्राइभरटोल हाटबजार | (शुक्रबार र मंगलबार) | ९,४५,०००.०० |
| आय-२।०७६।०७७ | तिलोत्तमा- २ स्थित योगिकुटी हाटबजार | (सोमबार र विहीबार) | १०,००,०००.०० |
| आय-३।०७६।०७७ | तिलोत्तमा- ४ स्थित सिमानगर हाटबजार | (शनिवार, बुधवार) | १,१५,५००.०० |
| आय-४।०७६।०७७ | तिलोत्तमा- ६ स्थित मणिग्राम हाटबजार | (आईतवार र विहीवार) | ९,००,०००.०० |
| आय-५।०७६।०७७ | तिलोत्तमा- ७ स्थित सेमरा हाटबजार | (सोमबार, विहिवार) | ७,००,०००.०० |
| आय-६।०७६।०७७ | तिलोत्तमा- ७ स्थित भलवारी हाटबजार | (बुधवार) | ५,२५,०००.०० |

कृष्णप्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

# तिलोत्तमा नगरपालिका

०७१-५६०५९९

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल

(राजस्व शाखा)


प.सं. ०७६/०७७
च.नं.

| | | |
|---|---|---|
| आय-८।०७६।०७७ | तिलोत्तमा- ११ स्थित रामनगर हाटबजार (शनिवार) | २७,०००.०० |
| आय-९।०७६।०७७ | तिलोत्तमा- ११ स्थित शिवपुर हाटबजार (शुक्रवार) | ३२,०००.०० |
| आय-१०।०७६।०७७ | तिलोत्तमा- ११ स्थित भुल्का हाटबजार (विहिवार) | २७,०००.०० |
| आय-११।०७६।०७७ | तिलोत्तमा- १२ स्थित ९नं. हाटबजार (बुधवार, आईतवार) | १,५८,५००.०० |
| आय-१२।०७६।०७७ | तिलोत्तमा- १३ स्थित वनकट्टी हाटबजार (सोमवार, विहिवार) | २,१०,०००.०० |
| आय-१३।०७६।०७७ | तिलोत्तमा- १५ स्थित कोटिहवा हाटबजार (शनिवार) | ५,८५,०००.०० |
| आय-१४।०७६।०७७ | कवाडी मालवस्तु निकासी कर | ८,००,०००.०० |
| आय-१५।०७६।०७७ | विज्ञापन कर (दुई आ.व.का लागि) | २०,००,०००.०० |

..................

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत